# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - १४

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ १३ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री लक्ष्मी परियार
२. मा० श्री लालकाजी गुरुङ्ग
३. मा० श्री लीलानाथ श्रेष्ठ
४. मा० श्री बहादुर सिंह लामा (तामाङ)
५. मा० श्री शान्ता चौधरी
६. मा० श्री सत्यनारायण शर्मा खनाल
७. मा० श्री सत्य पहाडी
८. मा० श्री समिना हुसेन
९. मा० श्री सरिता कुमारी गिरी
१०. मा० श्री सरवत आरा खानम
११. मा० श्री सीतादेवी यादव
१२. मा० श्री स्मृति नारायण चौधरी
१३. मा० श्री सुजाता परियार
१४. मा० श्री हरिराज अधिकारी
१५. मा० श्री हिरा गुरुङ्ग
१६. मा० श्री ज्ञानकुमारी छन्त्याल
१७. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तदुपरान्त सम्माननीय सभामुखले आजको कार्यसूचीमा रहेको कार्यक्रममा सामान्य हेरफेर गरेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले “आर्थिक वर्ष २०७५/०७६ को आर्थिक सर्वेक्षण” पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले देशमा भैरहेको आगजनी र विष्फोट लगायतका घटना र पिडितहरुको उद्धार एवं भैरहेको अनुसन्धानका सम्बन्धमा सार्वजनिक महत्वको विषयमा वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम मा० गृह मन्त्रीको वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले प्रश्न सोध्नुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री खगराज अधिकारी
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री देवेन्द्र राज कंडेल
५. मा० श्री महेश बस्नेत
६. मा० श्री राजेन्द्र कुमार के.सी.
७. मा० श्री लक्ष्मी परियार
८. मा० डा० अमरेश कुमार सिंह
९. मा० श्री पार्वता डि.सी. (चौधरी)
१०. मा० श्री रंगमती शाही
११. मा० श्री भरत कुमार शाह
१२. मा० श्री शरत सिंह भण्डारी
१३. मा० श्री मीना सुब्बा
१४. मा० श्री महेन्द्र कुमारी लिम्बु
१५. मा० श्री उमा रेग्मी
१६. मा० श्री सुजाता परियार
१७. मा० श्री गणेश सिंह ठगुन्ना
१८. मा० श्री देवप्रसाद तिमलसेना
१९. मा० श्री लक्ष्मणलाल कर्ण
२०. मा० श्री मिनेन्द्र प्रसाद रिजाल

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले उक्त प्रश्नहरुको सम्बन्धमा जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री देवेन्द्र राज कंडेलले नियमापत्ति गर्नुहुँदै मा० गृह मन्त्रीले प्रश्नको जवाफ दिने क्रममा बम विष्फोटमा परि मृत्यु भएका जनता होइनन् लगायत नाजायज कुराहरु र साँठगाँठ कुराहरु भन्ने जस्ता गैरजिम्मेवार अभिव्यक्ति दिनुभएकोमा आपत्ति जनाउनु भएपछि सम्माननीय सभामुखले मा० सदस्यले उठाउनु भएको विषयतर्फ सदन र मा० गृहमन्त्रीको समेत ध्यानाकर्षण भएकै छ भन्नुभयो ।

तदुपरान्त अर्थ समितिका मा० सभापति श्री कृष्ण प्रसाद दाहालले “अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तत्पश्चात कानुन, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले “कानुन, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

त्यसपछि राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले “राज्य व्यवस्था तथा सुशासन समितिको वार्षिक प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “प्रहरी समायोजन विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७५” र “औद्योगिक व्यवसाय विधेयक, २०७५” लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० वन तथा वातावरण मन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले “वन विधेयक, २०७५” र “वातावरण संरक्षण विधेयक, २०७५” लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री गोकुलप्रसाद बाँस्कोटाले “विज्ञापन (नियमन गर्ने) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री पद्मा कुमारी अर्यालले “भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० अर्थ मन्त्रीबाट नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको अनुमान (बजेट) मिति २०७६ जेठ १५ गते बुधबार अपरान्ह ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने कार्यक्रम भएकोले सो बमोजिम प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको ३:४५ बजे अगाडि नै प्रतिनिधि सभाको बैठक कक्षमा उपस्थित हुनुभई आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल जेठ १५ गते बुधबार अपरान्ह ६:०० बजे बस्नेगरी दिनको १:१० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव